# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्या : ५, श्रावण १३ गते, २०८३ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीहरुको दर्ता सूचीकृत सम्बन्धी कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।४।१२

**प्रस्तावना** : यो कार्यविधि स्थानीय तहलाई प्राप्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा भवन निर्माण सम्बन्धी व्यवस्थाहरू, राष्ट्रिय भवन संहिता, प्रचलित भवन निर्माण मापदण्ड र व्यास नगरपालिका भवन निर्माण मापदण्ड, २०८२ बमोजिम सुरक्षित तथा गुणस्तरीय भवन निर्माण सुनिश्चित गर्न निर्माणकर्मी सूचीकृत गरी व्यवस्थापन गर्ने उद्देश्यले जारी गरिएको हो ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीहरुको दर्ता सूचीकृत सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले "व्यास नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीहरूको दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०८३" सम्झनुपर्छ ।

(ग) "निर्माणकर्मी" भन्नाले भवन निर्माण सम्बन्धी कार्यमा प्रत्यक्ष रूपमा संलग्न भई भवन निर्माणको कार्य गर्ने तथा यस कार्यविधि बमोजिम नगरपालिकामा व्यक्तिगत रूपमा दर्ता तथा सूचीकृत भएको व्यक्ति सम्झनुपर्छ ।

(घ) "व्यक्तिगत दर्ता" भन्नाले निर्माणकर्मीको व्यक्तिगत विवरण, योग्यता, तालिम तथा आवश्यक कागजातका आधारमा नगरपालिकामा निर्माणकर्मीको रूपमा दर्ता गर्ने कार्य सम्झनुपर्छ ।

(ङ) "सूचीकृत" भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएका निर्माणकर्मीलाई नगरपालिकाले आफ्नो अभिलेखमा समावेश गरी निर्माण कार्य गर्न योग्य निर्माणकर्मीको सूचीमा राख्ने कार्य सम्झनुपर्छ ।

(च) "दर्ता तथा सूचीकृत पत्र" भन्नाले यस कार्यविधि बमोजिम निर्माणकर्मीलाई नगरपालिकाले जारी गरेको दर्ता तथा सूचीकृत भएको प्रमाणित गर्ने पत्र सम्झनुपर्छ

(छ) "निर्माण कार्य" भन्नाले भवन निर्माण, थपघट, पुनःनिर्माण, मर्मत, सुधार वा प्रचलित कानून तथा भवन निर्माण मापदण्ड बमोजिम गरिने अन्य निर्माणसम्बन्धी कार्य सम्झनुपर्छ ।

(ज) "भवन" भन्नाले मानव बसोबास, कार्यालय, व्यवसाय, सेवा, भण्डारण वा अन्य प्रयोजनका लागि निर्माण गरिएको वा निर्माणाधीन संरचना सम्झनुपर्छ ।

(झ) "स्वीकृत नक्सा" भन्नाले प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृत भएको भवनको नक्सा सम्झनुपर्छ ।

(ञ) "प्राविधिक विवरण" भन्नाले स्वीकृत नक्सा, डिजाइन, Specification तथा भवन निर्माणसँग सम्बन्धित अन्य प्राविधिक विवरण सम्झनुपर्छ ।

(ट) "भवन निर्माण मापदण्ड" भन्नाले व्यास नगरपालिका तथा प्रचलित कानुन बमोजिम भवन निर्माणका लागि तोकिएको मापदण्ड, शर्त तथा प्रावधान सम्झनुपर्छ ।

(ठ) "निरीक्षण तथा अनुगमन" भन्नाले निर्माण कार्य स्वीकृत नक्सा, प्राविधिक विवरण, भवन निर्माण मापदण्ड तथा प्रचलित कानुन बमोजिम भए वा नभएको सम्बन्धमा नगरपालिकाबाट गरिने निरीक्षण तथा अनुगमन सम्झनुपर्छ ।

(ड) "घरधनी" भन्नाले सम्बन्धित भवन वा निर्माण कार्यको स्वामित्व वा कानुनी हक भएको व्यक्ति सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ण) "सम्बन्धित प्राविधिक" भन्नाले नगरपालिकाबाट भवन निर्माण कार्यको निरीक्षण तथा अनुगमनका लागि खटाइएको प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(त) "निलम्बन" भन्नाले दर्ता तथा सूचीकृत निर्माणकर्मीलाई निश्चित अवधिका लागि निर्माण कार्य गर्न पाउने अधिकारबाट अस्थायी रूपमा रोक लगाउने कार्य सम्झनुपर्छ ।

(थ) "खारेजी" भन्नाले निर्माणकर्मीको दर्ता तथा सूचीकृत पत्र रद्द गरी निजलाई नगरपालिकाको दर्ता तथा सूचीकृत निर्माणकर्मीको सूचीबाट हटाउने कार्य सम्झनुपर्छ ।

(द) "प्रचलित कानुन" भन्नाले निर्माण कार्य तथा भवन निर्माणसँग सम्बन्धित प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन, नियम, मापदण्ड तथा निर्देशिका सम्झनुपर्छ ।

३. **<u>दर्ता तथा सूचीकृत गर्ने सम्बन्धी व्यवस्था :</u> (१)** पेश भएका कागजातहरूको परीक्षण तथा आवश्यक रुजु गरी योग्य देखिएमा निर्माणकर्मीको व्यक्तिगत दर्ता तथा सूचीकृत गरिनेछ ।

(२) दर्ता तथा सूचीकृत गरेको पत्र व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट जारी गरिनेछ ।

(३) दर्ता तथा सूचीकृत पत्र नगरपालिकाले तोकेको प्रक्रिया तथा प्रचलित व्यवस्था बमोजिम गर्नुपर्नेछ ।

(४) दर्ता तथा सूचीकृत पत्र प्राप्त गर्न इच्छुक व्यक्तिले देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) आधिकारिक संस्था वा निकायबाट कम्तीमा ५ (पाँच) दिनको भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

(ग) हालसालै खिचिएको पासपोर्ट साइजको २ (दुई) प्रति फोटो,

(घ) कुनै संस्था, कम्पनी वा निर्माण व्यवसायीसँग आबद्ध भएको भए सम्बन्धित संस्थाको सिफारिस पत्र,

(ङ) व्यास नगरपालिका समक्ष व्यक्तिगत निर्माणकर्मी इजाजतपत्र प्राप्त गर्न दिएको निवेदन ।

पूनश्चः नगरपालीकाले आवश्यक ठानेको खण्डमा कागजपत्र भिडाउनका लागि आवश्यक कागजपत्रको सक्कल समेत माग गर्न सक्दछ ।

४. **जिम्मेवारी :** (१) दर्ता तथा सूचीकृत पत्र प्राप्त निर्माणकर्मीले प्रचलित कानुन, राष्ट्रिय भवन निर्माण संहिता, व्यास नगरपालिका भवन मापदण्ड तथा नगरपालिकाले समय-समयमा जारी गरेका निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

(२) प्रत्येक भवन निर्माण कार्यमा सम्बन्धित निर्माणकर्मी स्वयं जिम्मेवार रहनेछ । नक्सापास प्रक्रियामा नगरपालिकाले तोकेको ढाँचाको श्वेतपत्रमा सहीछाप गरी आफ्नो जिम्मेवारी स्वीकार गर्नुपर्नेछ ।

(३) निर्माण कार्य स्वीकृत नक्सा, डिजाइन तथा प्राविधिक विवरण (Specification) बमोजिम सम्पन्न गराउन सहयोग गर्नु निर्माणकर्मीको दायित्व हुनेछ ।

(४) निर्माण कार्यको क्रममा संरचनात्मक सुरक्षामा असर पर्ने गरी कुनै कार्य गर्न वा गराउन पाइने छैन ।

(५) निर्माण सामग्रीको गुणस्तरमा प्रतिकूल असर पर्ने कार्य गर्न वा गराउन पाइने छैन ।

(६) निर्माणस्थलमा काम गर्ने श्रमिकहरूको सुरक्षा, आवश्यक सुरक्षा सामग्रीको प्रयोग तथा सुरक्षित कार्य वातावरण कायम गर्ने जिम्मेवारी स्वयं निर्माणकर्मीको हुनेछ ।

(७) नगरपालिका वा खटिएको प्राविधिकबाट गरिने निरीक्षण तथा अनुगमनमा आवश्यक सहयोग गर्नु निर्माणकर्मीको कर्तव्य हुनेछ ।

(८) आफ्नो दर्ता तथा सूचीकृत पत्र अर्को व्यक्तिलाई प्रयोग गर्न दिन, भाडामा दिन वा दुरुपयोग गर्न पाइने छैन ।

(९) निर्माण कार्य सम्पन्न नभएसम्म आफूले जिम्मेवारी लिएको निर्माण कार्यबाट उचित कारणबिना अलग हुन पाइने छैन । अलग हुनुपर्ने अवस्था आएमा सम्बन्धित घरधनी तथा नगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(१०) निर्माण कार्यको क्रममा कुनै प्राविधिक त्रुटि वा जोखिम देखिएमा तत्काल सम्बन्धित घरधनी तथा नगरपालिकालाई जानकारी गराई आवश्यक सुधारात्मक उपाय अवलम्बन गर्नुपर्नेछ । साथै जीवन बिमा भए नभएको दायित्व समेत जानकारी गराउनुपर्नेछ ।

५. **दण्ड सजायँ :** यस कार्यविधि वा प्रचलित कानुन विपरीत कार्य गर्ने निर्माणकर्मीलाई कसूरको प्रकृति हेरी देहाय बमोजिम कारबाही गर्न सकिनेछ :

क. पहिलो पटक सामान्य त्रुटि भएमा लिखित चेतावनी दिई सुधार गर्न निर्देशन दिई निश्चित समय प्रदान गर्न सकिनेछ ।

ख. नक्सा पास तथा नियम विपरति निर्माणकार्य गरेमा वा नगरपालिकाको निर्देशनको पालना नगरेमा इजाजतपत्र तीन महिनादेखि एक वर्षसम्म निलम्बन गर्न सकिनेछ ।

ग. गम्भीर प्राविधिक लापरवाही, झुट्टा विवरण, इजाजतपत्रको दुरुपयोग वा सार्वजनिक सुरक्षामा प्रतिकूल असर पर्ने कार्य गरेमा इजाजतपत्र खारेज गर्न सकिनेछ ।

घ. आवश्यक देखिएमा प्रचलित कानुन बमोजिम थप कानुनी कारबाहीका लागि सिफारिस गर्न सकिनेछ ।

६. **दर्ता तथा सूचीकृत पत्र निलम्बन वा खारेजी :** (१) देहायको अवस्थामा सम्बन्धित निर्माणकर्मीको दर्ता तथा सूचीकृत पत्र निलम्बन वा खारेज गर्न सकिनेछ :

क. झुट्टा विवरण वा नक्कली प्रमाणपत्र पेश गरी व्यक्तीगत दर्ता तथा सूचीकृत पत्र प्राप्त गरेको प्रमाणित भएमा ।

ख. पटक-पटक भवन निर्माण मापदण्ड उल्लङ्घन गरेको पाइएमा ।

ग. सार्वजनिक सुरक्षा वा संरचनागत सुरक्षामा गम्भीर जोखिम उत्पन्न हुने गरी कार्य गरेको प्रमाणित भएमा ।

घ. नगरपालिकाको लिखित निर्देशनको बारम्बार अवज्ञा गरेमा ।

ङ. अदालत वा अधिकार प्राप्त निकायबाट दोषी ठहर भएमा ।

च. दर्ता तथा सूचीकृत पत्र प्राप्त व्यीक्त निर्माणकर्ममा संलग्न हुन नसक्ने गरी अंगभंग भएमा वा व्यक्तिगत दर्ता तथा सूचीकृत पत्र प्राप्त व्यक्तीको निधन भएमा ।

(२) सफाइ पेश गर्ने अवसर : दर्ता तथा सूचीकृत पत्र निलम्बन वा खारेज गर्नु अघि सम्बन्धित निर्माणकर्मीलाई कम्तीमा सात (७) दिनको समय दिई लिखित स्पष्टीकरण पेश गर्ने अवसर प्रदान गरिनेछ । स्पष्टीकरण सन्तोषजनक नभएमा व्यास नगरपालिका भवन निर्माण मापदण्ड, २०८२ को दफा ४ बमोजिमको मापदण्ड मूल्याङ्कन, अनुगमन तथा विवाद समाधान समितिले व्यक्तिगत दर्ता तथा सूचीकृत पत्र निलम्बन वा खारेजीको निर्णय गर्नेछ । उक्त निर्णय प्रमुख प्रशासकीय अधिकृत मार्फत लागु गरिनेछ ।

७. **कार्यविधिमा संशोधन :** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

८. **बाधा अडकाउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

९. **खारेजी :** "व्यास नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीको व्यक्तिगत दर्ता तथा सूचीकृत गर्ने सम्बन्धी कार्यविधि २०८३" स्थानीय राजपत्रमा प्रकाशन भएपछि साविकमा यस सम्बन्धी भएका सम्पूर्ण निर्णयहरु खारेज गरिएको छ । साथै साविकमा यस सम्बन्धी भएका सम्पूर्ण कामकाज यसै कार्यविधि अनुरुप भएको मानिनेछ ।

**आज्ञाले**
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत